प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
राष्ट्रिय सीप परीक्षण समिति (NSTB)
लुम्बिनी प्रदेश, नयागाउँ, बुटवल

सामाजिक विकास मन्त्रालय
लुम्बिनी प्रदेश

# नि:शुल्क सीप परीक्षणमा सहभागी हुन चाहनेहरुका लागि निवेदन पेश गर्ने सम्बन्धि सूचना

**पुन: प्रकाशन मिति २०८०/१०/०७ गते**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, राष्ट्रिय सीप परिक्षण समिति (NSTB) बाट स्वीकृत राष्ट्रिय ब्यवसायगत सीप प्रमाणिका अनुसार लुम्बिनी प्रदेश सामाजिक विकास मन्त्रालय/ नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजनाको तर्फबाट, सहुलियत शुल्कमा संचालन हुने **एकाईगत पूर्व सिकाईको मान्यता** (Recognition of Prior Learning-RPL) विधिद्धारा **भौचर प्रणालीमा आधारित सीप परीक्षणमा** सहभागी हुन चाहने **स्वदेशमा/ वैदेशिक रोजगारको अनुभव** प्राप्त नेपाली नागरिकहरूबाट आफुलाई पायक पर्ने तपसिल बमोजिमका सीप परीक्षण केन्द्रमा आवेदन फाराम पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

## तपसील

**क) फारम संकलन केन्द्रहरु, परिक्षण हुने व्यवसाय र तह**

| क्र. स. | आवेदन फारम संकलन केन्द्र | सम्पर्क न. | व्यवसाय | तह |
|---|---|---|---|---|
| १. | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद, लुम्बिनी प्रदेश कार्यालय, बुटवल-१२ नयागाउँ, रुपन्देही | ०७१-४२२०७१<br>९८५७०४४०१८ | कन्सट्रक्सन मेसन | २ |
| | | | विल्डिङ पेन्टर | २ |
| | | | सेलमोबाइल फोन / टेक्निसियन | २ |
| | | | टाईल मार्बल फिक्सर | १ |
| २. | भेरी प्राविधिक शिक्षालय नेपालगंज,बाँके | ०८१-५१२१५८<br>९८५८३२०४४७<br>९८५८०३०२५०<br>९८५८०२०८३८ | कन्सट्रक्सन मेसन | २ |
| | | | प्लम्बर | २ |
| | | | वेल्डर | २ |
| ३. | राप्ती प्राविधिक शिक्षालय देउखुरी दाङ् | ०८२- ४१३००१<br>०८२- ४१३००२<br>९८५७८४०९३०<br>९८५७८३४१२१ | कन्सट्रक्सन मेसन | २ |
| | | | प्लम्बर | २ |
| | | | टाईल मार्बल फिक्सर | १ |
| ४. | वेस्टर्न नेपाल कलेज अफ इन्जिनियरिङ्ग एण्ड म्यानेजमेन्ट, तुलसीपुर, दाङ् | ०८२- ५२०८४०<br>९८४४९६८३७५<br>९८५७८२४५९८ | कन्सट्रक्सन मेसन | २ |
| ५. | पाणिनी बहुप्राविधिक शिक्षालय, पाणिनी-७, चिवेक अर्घाखाँची | ९८५७०६९७५९<br>९८५७०६९११०<br>९८५७०१४००९ | कन्सट्रक्सन मेसन | २ |

CTEVT Lumbini Province

| | | | | |
|---|---|---|---|---|
| ६. | कोरिया नेपाल बहुप्राविधिक शिक्षालय, तामनगर, रुपन्देही | ०७१-४५०००४<br>९८५७०७१२१८<br>९८५७०७०७५४ | वेल्डर | २ |
| ७. | जयन टेक्निकल कलेज अफ टेक्नोलोजी, बुटवल, रुपन्देही | ०७१-५३५९०३<br>०७१-५४११९९<br>९८५७०३०१०२<br>९८५७०३११३६<br>९८१३०४०८२१ | कन्सट्रक्सन मेसन | २ |
| | | | प्लम्बर | २ |

**ख) आवेदनको लागि न्युनतम योग्यता**

| | |
|---|---|
| तह १ को लागि | सम्बन्धित व्यवसायको ज्ञान र सीप भई सम्बन्धित पेशामा कम्तिमा १ वर्षको कार्य अनुभव भएको, |
| तह २ को लागि | सम्बन्धित व्यवसायको ज्ञान र सीप भई सम्बन्धित पेशामा कम्तिमा ३ वर्षको कार्य अनुभव भएको,<br>**वा**<br>सम्बन्धित व्यवसायमा तह १ को सीप परीक्षण उत्तीर्ण भई सम्बन्धित पेशामा १ वर्षको कार्य अनुभव भएको, |

**ग) आवेदन तथा रजिष्ट्रेशन शुल्कः- रु. २७० (आवेदकले व्यहोर्ने सीप परीक्षण फाराम बुझाउने समयमा)**

**घ) <u>सीप परीक्षणमा सहभागीले आवेदन फाराम भर्दा पालना गर्नु पर्ने शर्तहरूः</u>**

१. यस सूचना तथा आवेदन फाराम सामाजिक विकास, लुम्बिनी प्रदेशको वेभसाइट https://mosd.lumbini.gov.np/ र प्राबिधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT) लुम्बिनी प्रदेशको वेभसाइट https://ctevt.org.np/lumbini-province-office बाट डाउनलोड गर्न तथा तोकिएको केन्द्रहरूबाट प्राप्त गर्न सकिनेछ ।

२. आवेदन फाराम बुझाउने म्याद २०८१/१०/०६ गते सम्म तोकिएकोमा ७ (सात) दिनको म्याद थप गरिएको हुँदा आवेदन फाराम तोकिएको केन्द्रमा मिति २०८१/१०/१३ गते भित्र बुझाउनु पर्नेछ । आवेदन फाराम बुझाउने अन्तिम दिन बिदा परेमा सो को भोलि पल्ट सम्म बुझाउन सकिनेछ।

३. आवेदन फारामको साथ पासपोर्ट साइजको हालसालै खिचिएको एकै किसिमको फोटो २ प्रति, नागरिकता प्रमाण पत्रको प्रतिलिपि र अनुभवको प्रमाणपत्र (अनुभवको प्रमाणपत्रको हकमा नेपाल सरकार, वा अर्ध सरकारी संस्था वा नेपाल सरकारमा दर्ता VAT/PAN नम्बर प्राप्त निजी रोजगारदाता संस्था / उद्योग / व्यवसायीले सम्बन्धित पेशा / व्यवसायमा काम गरेको वा गरिरहेको स्पष्ट खुलाइएको अवधि सहितको प्रमाणपत्र वा कार्य अनुभवको सक्कल प्रति पेश गर्नु पर्नेछ)। अनुभव १६ वर्ष उमेर पछिको मात्र मान्य हुनेछ ।

४. स्थानिय स्तरमा स्वरोजगार भई कार्य अनुभव भएका व्यक्तिले अनुभवको प्रमाणपत्रको हकमा आफु कार्यरत स्थानिय तहको सक्कलै सिफारिस पत्र पेश गर्न सक्नेछन् ।

CTEVT Lumbini Province

५. बैदेशिक रोजगारबाट फर्केका व्यक्तिले आवेदन फाराम भर्दा सीप परीक्षण गर्नुपर्ने पेशाको विदेशमा गरेको कामको अनुभवपत्र (अंग्रेजीमा अनुवादित गरिएको प्रति), पासपोर्ट र भिसाको प्रतिलिपी अनिवार्य पेश गर्नु पर्नेछ ।

६. तोकिएको समयभित्र दर्ता नभएका र रित नपुगेका आवेदन फारामहरू स्वतः रद्द हुनेछन् ।

७. परामर्श सेवा तथा सीप परीक्षणको जानकारी SMS बाट समेत जानकारी गराइने छ । सीप परीक्षण आवेदन भरेकै केन्द्रबाट सहभागी आफै उपस्थित भई सीप परिक्षणको अघिल्लो दिन भित्र प्रवेशपत्र प्राप्त गर्न सकिनेछ । सम्पर्क मितिको भोलिपल्ट देखि नै सीप परीक्षण संचालन हुन सक्नेछ ।

८. परामर्शकर्ताको सिफारिस अनुसार सीप परीक्षणका लागि तयार भएका आवेदकले मात्र भौचर (सीप परीक्षणमा लाग्ने सामाग्री तथा अन्य खर्च) प्राप्त गरी सीप परीक्षणमा सामेल हुन पाउने छन् ।

९. यस भन्दा पहिले सीप परीक्षणमा सहभागी भएका परीक्षार्थीहरूले पहिले सीप परीक्षणमा सहभागी हुँदाको रजिष्ट्रेशन नं. अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ । यसरी दोहोऱ्याएर सीप परीक्षण दिनेहरूले आवेदन फारामको माथि पुनः परीक्षण भन्ने कोठामा चिन्ह लगाउनु पर्ने छ ।

१०. आवेदकले कुनै एक तह वा पेशामा मात्र आवेदन दिन पाउने छन् ।

११. सीप परीक्षण आवेदन फाराम संकलन केन्द्रले आवेदन संकलन गर्दा **आवश्यक कागजात पुगेको रुजु गरी (आवेदन फाराम भर्ने अन्तिम मितिबाट पाँच दिन भित्र Online System बन्द हुने भएकाले)** उक्त अवधि भित्र अनलाइन फाराम इन्ट्री (प्रविष्ट) गरी परिषद् प्रदेश कार्यालयबाट अन्तिम **रुजु भई सके पछि** इन्ट्री (प्रविष्ट) वापत प्रति फाराम रु.७०।– का दरले कट्टा गरी बाँकी रकम जम्मा गर्ने केन्द्रको नाम र आवेदन संख्या स्पष्ट खुलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद, लुम्बिनी प्रदेश कार्यालयको नाममा रहेको राष्ट्रिय बाणिज्य लि. शाखा कार्यालय, राजमार्ग चौराहा च. हि. खाता नं. ३३६०१०००००३५२००१ मा रकम जम्मा गरी सक्कल भौचर स्क्यान कपि अपलोड गर्नु पर्नेछ ।

१२. यस सूचनामा उल्लेखित पेशा व्यवसायको सीप परीक्षण सम्बन्धित प्रमाणिकृत वा तोकिएको सीप परीक्षण केन्द्रमा सञ्चालन हुनेछ ।

**थप जानकारीको लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् लुम्बिनी प्रदेशको सम्पर्क नम्बर ९८५७०४४०१८ व ०७१-४२२०७१ तथा नेपाल व्यावसायिक योग्यता प्रणाली, प्रदेश परियोजना सहयोग इकाईको सम्पर्क नम्बर ०८२-५९०५०८ मा सम्पर्क गर्न सकिने छ ।**

**निर्देशक**

CTEVT Lumbini Province